# नवलपरासी जिल्ला अदालत, परासी
(प्रशासन शाखा)

प.सं. ०७८/७९
च.नं

मितिः- २०७८।०७।०७

## सूचना सूचना सूचना

विषयः- वैतनिक कानून व्यवसायीको नियुक्ति सम्बन्धमा।

यस अदालतमा मिति २०७८।०७।२४ गते देखि रिक्त हुने वैतनिक कानून व्यवसायीको पदमा रही काम गर्न इच्छुक अधिवक्ताहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र रु. १० को रसिद सहित देहायमा उल्लेखित कागजातहरुको प्रतिलिपी संलग्न राखि यस अदालतको प्रशासन शाखामा दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस अदालतको मिति २०७८।०७।०७ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

देहाय

१. पदः- वैतनिक कानून व्यवसायी २. संख्याः- १ (एक)

३. मासिक तलबः- रा.प. तृतीय श्रेणीको अधिकृतले पाउने न्यूनतम मासिक पारिश्रमिक (शुरु स्केल)

४. संलग्न गर्नुपर्ने काजकाजहरुः-

(क) नेपाली नागरिकताको प्रतिलिपी

(ख) कानून विषय लिई कम्तिमा स्नातक उतिर्ण गरेको प्रमाणपत्रको प्रतिलिपी

(ग) अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपी

(घ) सम्बन्धित विषयमा कुनै तालिम वा विज्ञता हासिल गरेको भए सोको स्वयमले प्रमाणित गरेको प्रतिलिपी

५.गर्नु पर्ने कामः-जिल्ला अदालत नियमावली, २०७५ को नियम १०२ बमोजिमका कामहरु र यस अदालतले तयार गरेको आ.व. २०७८/०७९ को वार्षिक कार्ययोजना बमोजिम जिल्ला स्थित कारागार कार्यालयमा रहेका असहाय र आर्थिक रुपमा विपन्न थुनुवा तथा कैदीहरुलाई निशुल्क कानूनी सेवा प्रदान गर्न सो स्थानमा गई कानूनी सेवा उपलब्ध गराउनु पर्ने र वैतनिक कानून व्यवसायीलाई प्रभावकारी बनाउने सम्बन्धमा निर्देशिकाले तोकेको गर्नु पर्ने विभिन्न कामहरु गर्ने र भविष्यमा गर्नुपर्ने कामको सुझाव समेत प्रदान गर्ने।

६. छनौटको किसिमः- अन्तर्वार्ता र तोकिएका अन्य आधारहरुमा हुने।

७. नियुक्ति लिनुपर्ने अवधिः- छनौट भएको मितिले ७ (सात) दिन भित्र।

८. दरखास्त दिनुपर्ने अन्तिम मितिः- २०७८।०७।२१ मा सार्वजनिक बिदा परेकोले अड्डा खुलेको दिन २०७८।०७।२२ सम्म।

९. सम्पर्क मितिः- दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट

१०. अन्तरवार्ता मितिः- पछि प्रकाशन गरिनेछ।

११. काम गर्नु पर्ने अवधिः- १ (एक) वर्ष

०७८/६/६
प्रेमप्रसाद पौडेल
सेरेस्तेदार (उपसचिव)

फोन नं. ०७८-५२०१९५ - ०७८-५२१०६२ - ०७८-५२०२९४
ईमेल : admin.dcnawalparasi@supremecourt.gov.np